जि.प्र.का काठमाडौं दर्ता नं. १०२६/२०६०-०६१ स.क.प. आवद्धता नं. १६४२४/२०६०-०६१ पान नं.३०१९३८०२८

# खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल

## Federation of Drinking Water & Sanitation Users, Nepal

## (FEDWASUN)

स्थापना : २०६० (Estd. 2003)

प.स.१८-२०८२/८३ मिति: २०८२।०९।०९

मानीनीय राजेन्द्र सिंह भण्डारी ज्यू
मन्त्री
खानेपानी मन्त्रालय
सिंहदरवार, काठमाडौँ

बिषय: **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुलाई कर छुट हुने कानुनी ब्यबस्था गरिदिनु हुन ।**

प्रस्तुत विषयका सम्बन्धमा संयुक्त राष्ट्रसंघको महासभाले २८ जुलाई २०१० मा खानेपानी तथा सरसफाइलाई मानब अधिकारको रुपमा परिभाषित गरेको छ| नेपालको संविधानको धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भनी मौलिक हकमै ब्यबस्था गरिएको छ | मानब अधिकारको प्रत्याभूत गर्न र नेपालको संबिधान बमोजिम मौलिक हकको कार्यान्वयनका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिहरुले गैर नाफामुलक सामुदायिक संस्थाको रुपमा खानेपानी सेवा उपलब्ध गराउन र त्यसलाई दिगो राख्न प्रयत्नशील रहेको व्यहोरा सर्बबिदितनै छ|

यसै सन्दर्भमा यस महासंघको अनुरोधमा आयकर ऐन २०५८ को दफा १०(ट) मा जलश्रोत ऐन २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आफ्नो उद्‌देश्य अनुरुप आर्जन गरेको रकममा कर छुट हुने ब्यबस्था रहेको थियो| तर आर्थिक बिधेयक २०८१ को दफा ३६(२) मार्फत कर छुट हुने ब्यबस्था हटाई खानेपानी जस्तो मौलिक हकको बस्तुमा नेपाल सरकारले कर लगाउने निर्णय गरेको प्रति यस महासंघको गम्भीर ध्यानाकर्षण भएको छ|

तसर्थ खानेपानीमा कर छुटका सम्बन्धमा संघिय संसद, राष्ट्रिय सभाबाट समेत संकल्प प्रस्ताब पारित भएको र सम्माननीय राष्ट्रपतिज्यूले समेत चासो राख्नु भएको बिषय जलश्रोत ऐन २०४९, खानेपानी तथा सरसफाइ ऐन २०७९ र स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत बिधिबत दर्ता भएका मुनाफा रहित र सामुदायिक सेवा प्रदान गर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समूह/समिति द्‌वारा संचालित आधारभूत मानब अधिकार र मौलिक हकको रुपमा रहेको सामुदायिक खानेपानीमा कर छुट र बिधुत महसुलमा छुट हुने कानुनी ब्यबस्था गरिदिनु हुन देशभरका ४५ हजार खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको प्रतिनिधिमुलक राष्ट्रिय छाता संगठन खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको तर्फबाट हार्दिक अनुरोध गर्दछु|

**राजेन्द्र अर्याल**
**राष्ट्रीय अध्यक्ष**

केन्द्रीय कार्यालय
Head Office
काठमाडौं महानगरपालिका-१४, कलंकी, काठमाडौं, नेपाल
Kathmandu Metropolitan City-14, kalanki, Kathmandu, Nepal
फोन नं. ९७७ ०१ ५३४९७२०, Phone: 977-01-5349720
Email: info@fedwasun.org, url: www.fedwasun.org